तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
M/s Taragaon Regency Hotels Ltd.

HYATT REGENCY

बौद्ध, काठमाण्डौ, नेपाल, फोनः ४२१७१२३, फ्याक्सः ५१७८३३३

२६औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७९ पौष २६ गते (तदानुसार १० जनवरी, २०२३) मगंलबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको **२६ औं वार्षिक साधारण सभा** निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले उक्त साधारण सभामा स्वयम् वा रितपूर्वकको प्रतिनिधित्वद्वारा उपस्थित हुनका लागि सबै शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सभा हुने मिति, समय र स्थानः

मितिः २०७९ फाल्गुण ०३ गते (तदानुसार १५ फरवरी, २०२३) बुधबार ।

समयः बिहान ११:०० बजे ।

स्थानः नेपाल पर्यटन बोर्ड, भृकुटीमण्डप, काठमाण्डौं ।

२. छलफल तथा निर्णयको लागि निर्धारित विषय सूचीहरुः

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७८/०७९ (२०२१/२०२२) को सञ्चालक समितिको २६औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको आर्थिक वर्ष २०७८/०७९ (२०२१/२०२२) को वित्तिय विवरणहरु- वासलात, नाफा तथा नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु स्वीकृत गर्ने ।

३) आ.व. २०७९/०८० (२०२२/२०२३) को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) समूह "क" तारागाउँ विकास समितिबाट सोही समितिको पत्र बमोजिम सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री सुरेश राज जोशीको नियुक्ती, समूह "ख" बाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक श्री अरुण कुमार सराफ, श्री सुरेश लाल श्रेष्ठ र श्री देवेश सराफको पुनः नियुक्ती र कम्पनी ऐन, २०६३ को दफा ८६(३) बमोजिम स्वतन्त्र सञ्चालकहरुमा श्री श्रीवत्स शम्शेर ज.व.राणा र श्री मनोज प्रसाद राजभण्डारी ज्यूको पुनः नियुक्तीलाई अनुमोदन गर्ने ।

५) कम्पनीको मिति २०७९/०९/२६ गते (तदानुसार १० जनवरी, २०२३) बसेको सञ्चालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुलाई चुक्ता पूँजीको ८.४२% (लाभांश कर समेत) नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

ख) विविध

सञ्चालक समितिको आज्ञाले

टिकाराम बिस्ट

कम्पनी सचिव

पुनश्चः

सभामा छलफल गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा तथा नोक्सान हिसाब, साधारण सभा सम्बन्धि जानकारी, प्रोक्सी फाराम र प्रवेश पत्र यस कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौमा वा शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड, बबरमहल, काठमाण्डौमा आई निरिक्षण गर्न वा प्राप्त गर्न सकिनेछ । वार्षिक प्रतिवेदन, साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको website: www.taragaon.com बाट जानकारी प्राप्त गर्नु हुन सम्बन्धित शेयरधनीहरुमा अनुरोध छ ।

२६औं वार्षिक साधारण सभा सम्बन्धी जानकारी

१) कम्पनीको २६ औं वार्षिक साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेश पत्र पूर्ण रुपमा भरेर वा आफ्नो कुनै सक्कल आधिकारीक परिचय खुल्ने प्रमाण सहित वा शेयर प्रमाण पत्रको प्रतिलिपि वा कम्पनीको शेयर अभौतिकीकरण गरिसकेका शेयरधनी महानुभावहरुको हकमा हितग्राही परिचय पत्र नं. साथमा लिई आउनुहुन अनुरोध छ । प्रतिनिधी नियुक्ति गर्ने व्यक्ति, कम्पनी वा संगठित संस्था भएमा त्यस्तो कम्पनी तथा सस्थाको छाप सहित अधिकार प्राप्त व्यक्तिको दस्तखत गरेको पत्र सहित उपस्थित हुनु पर्नेछ ।

२) सभामा भाग लिन आउनु हुने सबै शेयरधनी महानुभावहरु वा निजका प्रतिनिधीहरुले सभा हुने स्थानमा रहेको शेयरधनी हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्ने छ । उक्त हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि सभा सम्पन्न नभएसम्म खुल्ला रहनेछ । शेयरधनीको उपस्थितिबाट कम्पनी ऐनको व्यवस्था बमोजिम साधारण सभाका लागि आवश्यक गणपूरक संख्या पुरा भए पश्चात सभाको काम कारवाही अगाडी बढाइनेछ ।

३) नाबलक वा अशक्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएका व्यक्तिले सभामा भाग लिन सक्नुहुनेछ ।

४) सभामा भाग लिनको निमित्त प्रतिनिधी नियुक्त गर्नको लागि शेयरधनी महानुभावहरुले कम्पनीको कायम अर्को शेयर धनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरी सो प्रतिनिधी नियुक्त फारम सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ । नाबालक तथा अशक्त शेयरधनीको प्रतिनिधिको हकमा कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र प्रतिनिधि तोक्न सक्ने छ । प्रतिनिधी नियुक्त गरिसक्नु भएका शेयरधनी महानुभावहरु आफै सभामा उपस्थित भएमा प्रोक्सी स्वतः बदर हुनेछ ।

५) संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनी लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले मात्र सभामा भाग लिन सक्नेछ । तर प्रतिनिधि कायम गर्नु पर्ने अवस्थामा दुवै जनाको सर्व-सम्मतबाट कम्पनीमा कायम अर्को शेयरधनीलाई सहीछाप गरी नियुक्त गरेको प्रतिनिधिले मात्र सभामा भाग लिन पाउनेछन् ।

६) प्रतिनिधि नियुक्त गर्नु भएको शेयरधनीहरुको निवेदनमा भएको दस्तखत कम्पनीको शेयरको अभिलेखमा रहेको दस्तखत सँग दुरुस्तै मिल्नु पर्नेछ ।

७) शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामुहिकरुपले वा सञ्चालक समितिका अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नुहुनेछ ।

८) शेयरधनी महानुभावहरुलाई छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषय उपर छलफल गर्न चाहनु भएमा सम्बन्धित विषय खुलाई वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ (सात) कार्य दिन अगावै २०७९/१०/२३ गते (तदानुसार ०६ फरवरी, २०२३) सोमबार सम्म कम्पनी सचिव मार्फत यस कम्पनीका कार्यकारी अध्यक्षज्यूका नाममा लिखित जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

९) सभाको सुरक्षालाई मध्यनजर गर्दै सभामा उपस्थित हुनुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई झोला (ब्याग) आदि नल्याउनु हुन अनुरोध गरिन्छ । साथै सभा स्थलमा रहेका सुरक्षाकर्मीले आवश्यक ठानेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सुरक्षा जाँचमा सहयोग गरिदिनुहुनको निमित्त समस्त शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

१०) मिति २०७९/१०/१८ गते देखि २०७९/११/०३ गते (तदानुसार ०१ फरवरी, २०२३ देखि १५ फरवरी, २०२३) सम्म कम्पनीको शेयर दाखिला खारेज गर्ने कार्य बन्द रहने छ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७९/१०/१७ गते (तदानुसार २८ फरवरी, २०२३) मंगलबारसम्म नियमानुसार कारोवार भई प्रचलित कानून बमोजिम शेयर नामसारी भई कायम शेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि शेयरधनी कायम गरिनेछ ।

११) शेयरधनी महानुभावहरुलाई कम्पनीको २६औं वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कम्पनीको रजिष्टर्ड कार्यालय बौद्ध, काठमाण्डौंमा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन अनुरोध छ ।

१२) कम्पनीको वार्षिक साधारणसभाको सूचना, सञ्चालक समितिको प्रतिवेदन, वित्तिय विवरण सम्पूर्ण शेयर धनी महानुभावहरुलाई यथा समयमा पठाइनेछ । कारण वश कसैलाई उक्त प्रतिवेदनहरु प्राप्त हुन नसकेमा कम्पनीको रजिष्टर्ड कार्यालय, बौद्ध, काठमाण्डौंबाट शेयरधनीको प्रमाणपत्र प्रस्तुत गरी प्राप्त गर्न सक्नु हुनेछ । २६औं वार्षिक साधारण सभाको सूचना सहितको २०७८/०७९ को वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.taragaon.com मा समेत हेर्न सक्नुहुनेछ ।

१३) वार्षिक साधारण सभामा मन्तव्य राख्नका निमित्त प्रतिवक्ता ३ मिनेट मात्र समय उपलब्ध हुनेछ । विशेष समय लाग्ने भएमा मनतव्य नदिई आफ्नो विचारको लिखित प्रति कम्पनी सचिवलाई उपलब्ध गराउन सकिनेछ ।

प्रोक्सी फारम

श्री सञ्चालक समिति,
तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
का.म.न.पा. ६, बौद्ध, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,

.....जिल्ला.....महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने म/हामी.....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७९/११/०३ गते (तदानुसार १५ फरवरी, २०२३) बुधबारका दिन हुने २६औं वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नको लागि ..... जिल्ला ..... महानगरपालिका/नगरपालिका/गाउँपालिका, वडा नं. .... बस्ने श्री ..... शेयर प्रमाण पत्र नं./हितग्राही खाता नं. ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनीत गरी पठाएको छु/छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको नामः
दस्तखत नमुनाः
शेयर प्रमाणपत्र/शेयरधनी परिचय नं.:

निवेदकको दस्तखतः
नामः
ठेगानाः

हितग्राही खाता नं.	DP ID	Beneficial Owneer ID

शेयरधनी परिचय नं.
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
मितिः

द्रष्टव्यः १) यो निवेदन साधारण सभा हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

तारागाउँ रिजेन्सी होटल्स लिमिटेड
(२६औं वार्षिक साधारण सभामा)
प्रवेश पत्र

हितग्राही खाता (BOID) नं.:
शेयर प्रमाणपत्र नं.
शेयर संख्याः
शेयरधनीको नामः .....
शेयरधनीको हस्ताक्षर (सही): .....

द्रष्टव्यः

१) तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७९ फाल्गुण ०३ गते (तदानुसार १५ फरवरी, २०२३) बुधबारका दिन हुने २६औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश पत्र ।

२) शेयरधनी महानुभावहरु आफैंले माथि उल्लेखित खाली ठाउँहरुमा सम्पूर्ण विवरण भर्नु हुन अनुरोध छ ।

३) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

.....
कम्पनी सचिव

(रकम रुपैयांमा)

२०७९ आषाढ ३२ (१६ जुलाई २०२२) गतेको वासलात

विवरण	टिप्पणी	२०७९ आषाढ ३२ (१६ जुलाई २०२२)	२०७८ आषाढ ३१ (१५ जुलाई २०२१)
सम्पत्ति			
गैर चालू सम्पत्ति			
सम्पत्ति, मेशिन तथा यन्त्र उपकरणहरु	४	१,७२८,९०४,४५७	१,६५५,१०५,४३५
प्रयोग गर्ने अधिकार भएको सम्पत्ति (Right to Use Assets)	४	४१,९०५,४८८	-
पूंजीगत कार्य प्रगति (Capital Work in Progress)	४	३,०६७,२०९	८३,७९९,४८१
अन्य अमूर्त सम्पत्ति	४	१७९,८३७	९,५८३
जम्मा गैर चालू सम्पत्ति		**१,७७४,०५६,९९१**	**१,७३८,९१४,४९९**
चालू सम्पत्तिः			
जिन्सी मौज्दात	५	११,६८८,१३२	१०,९९६,६३७
वित्तिय सम्पत्ति			
व्यापारिक तथा अन्य प्राप्य रकम	६	४२,४१७,०१९	१९,४२६,२०३
नगद तथा बैंक मौज्दात	७	४६३,९९३,३१९	३२८,१७३,१३४
अन्य वित्तिय सम्पत्ति	८	१,७२०,५२४	१,५०१,७२४
परिशोधित लागतमा वित्तिय सम्पत्ति		८७२,३१५,१२१	७५१,४००,०००
अन्य चालू सम्पत्ति	९	१७२,५८३,३९३	१७३,११५,०९१
आयकर सम्पत्ति	१०	४०,०४०,७४४	३६,१०१,४९०
जम्मा चालू सम्पत्तिः		**१,६०४,७५८,१७२**	**१,३२०,७१४,२७९**
जम्मा सम्पत्ति		**३,३७८,८१५,१६३**	**३,०५९,६२८,७७८**
पूंजी तथा दायित्व			
पूंजी			
शेयर पूंजी	११	१,८८६,६५४,०००	१,८८६,६५४,०००
संचित मुनाफा तथा जगेडा		४३३,९७०,७६६	२४३,४१३,३४४
जम्मा पूंजी		**२,३२०,६२४,७६६**	**२,१३०,०६७,३४४**
दायित्वः			
गैर चालू दायित्वः			
वित्तिय दायित्व			
अन्य वित्तिय दायित्वहरु	१२	४४,३६८,१४२	-
दीर्घकालिन व्यवस्थाहरु	१३	५३,७८९,६५२	७३,८३६,७१२
अन्य गैर चालू दायित्वहरु	१४	२०,०००,०००	२०,०००,०००
स्थगन कर दायित्वहरु (खूद)	१५	८३,९१८,७२७	६२,४८१,१६८
जम्मा गैर चालू दायित्व		**२०२,०७६,५२१**	**१५६,३१७,८८०**
चालू दायित्वः			
वित्तिय दायित्वहरु			
व्यापारिक तथा अन्य दायित्वहरु	१६	३४३,७९०,९२४	३१०,६९३,८१६
अल्पकालिन व्यवस्थाहरु	१७	४७,४५५,२८२	४४,६०२,५७६
असुरक्षित ऋण		३८,८१०,८१७	४२,०८४,३४७
अन्य वित्तिय दायित्वहरु	१२	३४६,२१९,८६०	३५४,९३९,७२३
अन्य चालू दायित्वहरु	१८	७९,८३६,९९३	२०,९२३,०९२
जम्मा चालू दायित्वः		**८५६,११३,८७६**	**७७३,२४३,५५४**
जम्मा दायित्वः		**१,०५८,१९०,३९७**	**९२९,५६१,४३४**
जम्मा पूंजी तथा दायित्व		**३,३७८,८१५,१६३**	**३,०५९,६२८,७७८**

(रकम रुपैयांमा)

२०७९ आषाढ ३२ (१६ जुलाई २०२२) गतेको नाफा तथा नोक्सान विवरण

विवरण	टिप्पणी	२०७९ आषाढ ३२ (१६ जुलाई २०२२)	२०७८ आषाढ ३१ (१५ जुलाई २०२१)
सञ्चालनबाट आम्दानी	१९	६९२,६२३,८९५	१३७,१६४,४८०
अन्य आम्दानी	२०	१५६,२४७,७८३	१३४,३१९,१४२
जम्मा आम्दानी		**८४८,८७१,६७८**	**२७१,४८३,६२२**
खर्चहरु			
संचालन खर्च	२१	२४६,७१६,३९६	७४,०८३,७६४
कर्मचारी खर्च	२२	२१०,८८७,१७७	१०३,५१४,०४४
प्रशासनिक खर्च	२३	५८,६७४,०१८	४२,७३२,४२६
विक्रि तथा प्रवर्द्धन खर्च	२४	२५,७९०,९६३	११,७३२,९७१
जम्मा खर्च		**५४२,०६८,५५४**	**२३२,०६३,२०५**
ह्रास कट्टि, अपलेखन र आयकर अघिको नाफा		**३०६,८०३,१२४**	**३९,४२०,४१७**
ह्रास कट्टि र अपलेखन खर्च	४	६५,९२९,३२८	६९,२२६,०२३
वित्तिय खर्च	२५	१२,८५१,९४२	२,१७०,०६३
आयकर अघिको नाफा/(नोक्सान)		**२२८,०२१,८५४**	**(३१,९७५,६६९)**
कर खर्च			
चालू आयकर		१६,०२६,८७३	-
स्थगन कर		२१,४३७,५५९	३,०९६,३६८
यस अवधिको नाफा/(नोक्सान)		**१९०,५५७,४२२**	**(३५,०७२,०३७)**
प्रति शेयर आम्दानी		**१०.१०**	**(१.८६)**

(रकम रुपैयांमा)

२०७९ आषाढ ३२ (१६ जुलाई २०२२) गतेको नगद प्रवाह विवरण

विवरण	२०७९ आषाढ ३२ (१६ जुलाई २०२२)	२०७८ आषाढ ३१ (१५ जुलाई २०२१)
क. सञ्चालन गतिविधिबाट नगद प्रवाह		
आयकर पछिको खुद नाफा	१९०,५५७,४२२	(३५,०७२,०३७)
गैर नगद समायोजन		
ह्रास कट्टि	६५,९२९,३२८	६९,२२६,०२३
स्थगन कर	२१,४३७,५५९	३,०९६,३६८
कार्यशील पूँजी परिवर्तन अघिको सञ्चालन मुनाफा	**२७७,९२४,३०९**	**३७,२५०,३५४**
कार्यशील पूँजीमा परिवर्तन		
चालू सम्पत्तिमा कमी/(वृद्धि)		
जिन्सी मौज्दातमा भएको कमी/(वृद्धि)	(६९१,४९५)	३,६०८,४९२
व्यापारिक तथा अन्य प्राप्य रकममा भएको कमी/(वृद्धि)	(२२,४५९,०३८)	२७,८१५,६५२
अन्य सम्पत्तिमा भएको कमी/(वृद्धि)	(४,१५८,०५४)	(३३,०१३,९८४)
गैर चालू दायित्वमा वृद्धि/(कमी)		
अन्य वित्तिय दायित्वमा भएको वृद्धि/(कमी)	४४,३६८,१४२	-
व्यवस्थामा भएको वृद्धि/(कमी)	(२०,०४७,०६०)	(३६,६६६,३८४)
चालू दायित्वमा वृद्धि/(कमी)		
व्यापारिक दायित्वमा भएको वृद्धि/(कमी)	३३,०९७,१०८	(११३,८५५,५६२)
अन्य चालु दायित्वमा भएको वृद्धि/(कमी)	५८,९१३,९०१	(३४,२३६,३७०)
अन्य वित्तिय दायित्व तथा व्यवस्थामा भएको वृद्धि/(कमी)	(१,५०९,९८७)	४,०३८,७४६
सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)	**३६५,४३७,८२६**	**(१४५,०५९,०५६)**
ख. लगानी गतिविधिवाट नगद प्रवाहः		
स्थिर सम्पत्ति खरिद	(१०१,०७१,८२०)	(३७,७९१,७७५)
मुद्दति निक्षेपमा लगानी	(१२०,९१५,१२१)	२१२,१०६,२२८
लगानी गतिविधिमा प्रयोग भएको खुद नगद (ख)	**(२२१,९८६,९४१)**	**१७४,३१४,४५३**
ग. वित्तिय गतिविधिबाट नगद प्रवाहः		
असुरक्षित ऋणको भुक्तानी	(३,२७३,५३०)	(४०२,०५१)
लाभांशको भुक्तानी	(४,३५७,१७०)	(१२६,१३८,२७९)
वित्तिय गतिविधिबाट खुद नगद प्रवाह (ग)	**(७,६३०,७००)**	**(१२६,५४०,३३०)**
नगद र नगद सरहमा खुद वृद्धि (क+ख+ग)	**१३५,८२०,१८५**	**(९७,२८४,९३३)**
वर्षारम्भमा नगद र नगद सरह	**३२८,१७३,१३४**	**४२५,४५८,०६७**
वर्षान्तमा नगद र नगद सरह	**४६३,९९३,३१९**	**३२८,१७३,१३४**
नगद मौज्दात	१,५९८,६८७	१,८०३,८१४
मुद्धती बचत (९० दिन भित्र परिपक्वता हुने)	२४७,८००,०००	२७०,७००,०००
बैंकमा रहेको नगद	२१४,५९४,६३२	५५,६६९,३२०